# अर्थ बुलेटिन

वर्ष ४ अंक ५ मंसिर, २०७९

## नेपाल सरकार
## अर्थ मन्त्रालय



## सम्पादकीय

आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म संघीय सरकारको कुल खर्च तथा पुँजीगत खर्च वृद्धि भएको छ। आयकर र भन्सार बिन्दुमा संकलन हुने राजस्वमा कमी आएसंगै समग्र राजस्व परिचालनमा कमी आएको छ, तर आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क र ब्याजकर सङ्कलनमा वृद्धि भएको छ।

कुल वस्तु निर्यात र आयात दुवैमा कमि आएको छ। फलस्वरुप व्यापार घाटामा सुधार भएको छ। चालु खाता घाटा सुधारोन्मुख छ भने शोधनान्तर स्थिति वचतमा छ। विदेशी मुद्रा सञ्चितिमा समेत सुधार आएको छ। कुल वस्तु आयात समेत घटेको कारण सञ्चिति पर्याप्तता सूचकाँकमा सुधार आएको छ।

व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। कम्पनी दर्ता संख्यामा भने तुलनात्मक रुपमा कमी आएको छ।

वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति गत महिना भन्दा घटेको छ।

वैदेशिक सहायता प्रतिवद्धतामा वृद्धि भएको छ।

विप्रेषण आप्रवाहमा सुधार आएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।

वाह्य क्षेत्रमा परेको चाप समग्रमा कमी हुँदै गएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ३ खर्ब ८७ अर्ब ३ करोडको तुलनामा १२.४ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ३५ अर्ब २१ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ३ खर्ब ५४ अर्ब २६ करोड, पुँजीगत खर्च रु.३३ अर्ब ९९ करोड र वित्तीय व्यवस्थातर्फ रु.४६ अर्ब ९६ करोड रहेको छ। यस अवधिमा चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्च बार्षिक बिनियोजित बजेटको क्रमशः २९.९ प्रतिशत, ८.९ प्रतिशत र २०.४ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको मंसिर मसान्तसम्म चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः २९.८ प्रतिशत, ७.५ प्रतिशत र २१.८ प्रतिशत भएको थियो।

**तालिका (क): पछिल्लो ५ वर्षको मंसिर सम्मको खर्च स्थिति (रु. करोडमा)**

| खर्च शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| चालु | २४८६८.६३ | २४६९२.८१ | २८०७४.२८ | ३१७३२.८८ | ३५४२५.६९ |
| पुँजीगत | ३९११.०७ | ३७६१.०३ | ३५९४.१७ | २८४०.३५ | ३३९९.१६ |
| वित्तीय व्यवस्था | २१७६.७६ | १४१६.८६ | ११७७.३६ | ४१३०.२० | ४६९६.२६ |
| **जम्मा** | **३०९५६.४६** | **२९८७०.७०** | **३२८४५.८१** | **३८७०३.४३** | **४३५२१.११** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको मंसिरसम्म कुल संघीय सरकारी खर्चमध्ये सबैभन्दा बढी खर्च असोज महिनामा ३३.० प्रतिशत भएको छ भने सबैभन्दा कम खर्च साउन महिनामा ५.१ प्रतिशत भएको छ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रु. करोडमा)**

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ५६५.७२ | १४८.४६ | १५११.६९ | २२२५.८७ | ०.०५११ |
| भदौ | १०३०७.४१ | ४३७.५९ | ४६३.०६ | ११२०८.०६ | ०.२५७५ |
| असोज | ११५०२.१४ | १३८२.०६ | १४९८.५ | १४३८३.० | ०.३३०५ |
| कात्तिक | ५७६३.३४ | ६६१.५ | ८५७.२६ | ७२८१.८ | ०.१६७३ |
| मंसिर | ७२८७.०८ | ७६९.५५ | ३६५.७५ | ८४२२.३८ | ०.१९३५ |
| **जम्मा** | **३५४२५.६९** | **३३९९.१६** | **४६९६.२६** | **४३५२१.११** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को मंसिरसम्म संघीय सरकारको कुल राजस्व रु.४ खर्ब १२ अर्ब ४० करोड संकलन भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्वमा २०.७ प्रतिशतले कमी आई रु.३ खर्ब २६ अर्ब ८९ करोड संकलन भएको छ। कुल राजस्वमध्ये कर राजस्व रु. ३ खर्ब १ अर्ब ४६ करोड र गैरकर राजस्व रु.२५ अर्ब ४३ करोड रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति रु. २७ अर्ब ५२ करोड सहित कुल प्राप्ति रु.३ खर्ब ५४ अर्ब ४१ करोड भएको छ।


तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको मंसिरसम्मको राजस्व परिचालनको स्थिति (रु.करोडमा)

| कर शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर | २७९३०.२६ | २८८६७.६९ | २८४५८.४६ | ३८०२३.०२ | ३०१४६.४५ |
| गैरकर | २७९२.८९ | २०१५.३६ | १६७०.३८ | ३२१७.३१ | २५४२.५६ |
| कुल राजस्व | ३०७२३.१४ | ३०८८३.०४ | ३०१२८.८४ | ४१२४०.३३ | ३२६८९.०१ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. वस्तु पैठारीमा गरिएको नियमन र नगद मार्जिनको व्यवस्थाले भन्सार पैठारीमा गिरावट आएकोले भन्सार बिन्दुमा सङ्कलन हुने राजस्व प्रभावित हुँदा समग्र राजस्व परिचालनमा प्रतिकूल प्रभाव परेको छ। फलस्वरुप, संघीय सरकारले संकलन गर्ने राजस्व गत बर्षको भन्दा कमी आएको छ।


चार्ट (क): आर्थिक वर्षको पहिलो पाँच महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रु.करोडमा)




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश उच्च रहँदै आएको छ। भन्सार बिन्दुमा संकलन हुने राजस्व घटेसँगै चालु आर्थिक वर्षको पहिलो ५ महिनाको राजस्व संकलनमा भन्सार महशुलको योगदान गत आर्थिक वर्षको सोही अवधिको २६.४ प्रतितशतको तुलनामा ४.८ प्रतिशत बिन्दुले कमी भई २१.६ प्रतिशत रहेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तशुल्क राजस्वको योगदान तुलनात्मकरुपमा बढेको देखिएको छ।

चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको मंसिरसम्मको राजस्व संरचना




स्रोतः अर्थ मन्त्रालय।

३. चालु आर्थिक वर्षको मंसिर महिनासम्म कर राजस्व र गैरकर राजस्व संकलनमा गत आर्थिक वर्षको सोही अबधिको तुलनामा क्रमश: २०.७ प्रतिशत र २१.० प्रतिशतले घटेको छ। ब्याजकर, शिक्षा सेवा शुल्क र आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क शीर्षकमा भने राजस्व परिचालन बढेको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको मंसिरसम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आ.व.२०७८/७९ को असूली | आ.व. २०७९/८० वार्षिक लक्ष्य | मंसिरसम्मको सङ्कलन | मंसिरसम्मको लक्ष्य | लक्ष्यको तुलनामा असुली प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| भन्सार महशुल# | १०८९३.६४ | ३३०५६.८० | ७०४४.६१ | १३१९५.५५ | ५३.४ | -३५.३ |
| मूल्य अभिवृद्धि कर | १२९६०.८७ | ३९८४६.७९ | १०७७४.७८ | १४५७०.३० | ७४.० | -१६.९ |
| उत्पादन, बिक्री, सेवा | ४४०९.९६ | १४०२०.४१ | ४२०७.३८ | ५०९७.७१ | ८२.५ | -४.६ |
| पैठारी | ८५५०.९१ | २५८२६.३८ | ६५६७.४० | ९४७२.५९ | ६९.३ | -२३.२ |
| अन्तःशुल्क | ७१९०.१५ | २१७२८.२७ | ५९२६.८४ | ७६९८.९४ | ७७.० | -१७.६ |
| आन्तरिक उत्पादन | ४१९८.८८ | १३७३५.२६ | ४५६७.१४ | ४५८७.३६ | ९९.६ | ८.८ |
| पैठारी | २९९१.२८ | ७९९३.०१ | १३५९.७० | ३१११.५८ | ४३.७ | -५४.५ |
| शिक्षा सेवा शुल्क | २१.७६ | १४७.८० | ६०.८२ | ६०.५६ | १००.४ | १७९.५ |
| आयकर | ६९५६.६१ | ३४७५७.९२ | ६३३९.४० | ७६९१.९२ | ८२.४ | -८.९ |
| आयकर | ५८९८.५२ | ३०७८२.९३ | ४८३४.६२ | ५८८२.३३ | ८२.२ | -१८.० |
| ब्याज कर | १०५८.०८ | ३९७४.९९ | १५०४.७८ | १८०९.५९ | ८३.२ | ४२.२ |
| कर राजस्व जम्मा | ३८०२३.०२ | १२९५३७.५८ | ३०१४६.४५ | ४३२१७.२७ | ६९.८ | -२०.७ |
| गैर कर जम्मा | ३२१७.३१ | १०७७७.१२ | २५४२.५६ | ३१९५.६७ | ७९.६ | -२१.० |
| कूल राजस्व | ४१२४०.३३ | १४०३१४.७० | ३२६८९.०१ | ४६४१२.९४ | ७०.४ | -२०.७ |
| अन्य प्राप्ति | ३१३९.१४ | ०.०० | २७५२.१५ | ०.०० | ०.० | ०.० |
| जम्मा राजस्व र प्राप्ति | ४४३७९.४८ | १४०३१४.७० | ३५४४१.१६ | ४६४१२.९४ | ७६.४ | -२०.१ |

स्रोत: अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

४. चालु आर्थिक वर्षको मंसिर महिनासम्म कर राजस्व र गैरकर राजस्व लक्ष्यको क्रमश: ६९.८ प्रतिशत र ७९.६ प्रतिशत सङ्कलन भएको छ। समग्रमा कूल राजस्व लक्ष्यको ७०.४ प्रतिशत राजस्व संकलन भएको छ। गत आर्थिक वर्षको मंसिरसम्म कर राजस्व र गैरकर राजस्व लक्ष्यको क्रमश: १०३.१ प्रतिशत र ९२.९ प्रतिशत संकलन भएको थियो भने कूल राजस्व लक्ष्यको १०२.२ प्रतिशत राजस्व सङ्कलन भएको थियो।

## संघीय राजस्व

५. चालु आर्थिक वर्षको मंसिरसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू.३ खर्ब ६० अर्ब ९२ करोडको तुलनामा २२.१८ प्रतिशतले कमि आई रू.२ खर्ब ८० अर्ब ८६ करोड रहेको छ। यस अवधिमा मूल्य अभिवृद्धि करमा कमी आएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ५१ अर्ब ४८ करोडको तुलनामा कमी आई रू.४६ अर्ब ३ करोड रहेको छ।

## करको दायरा विस्तार

६. २०७९ मंसिरसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५१ लाख ३५ हजार ५ सय ९० पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३२ लाख ८५ हजार ६ सय ४९ रहेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १८ लाख २७ हजार १ सय ३९ र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २२ हजार ८ सय २ पुगेको छ। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमश: ३५.६ प्रतिशत, ०.४ प्रतिशत र ६४.० प्रतिशत रहेको छ। २०७९ मंसिरसम्म मूल्य अभिवृद्धि करमा ३ लाख २ हजार १ सय ३६ र अन्तःशुल्कमा १ लाख १८ हजार २ सय १६ करदाता दर्ता भएका छन्। जुन २०७९ असार मसान्तसम्मको तुलनामा क्रमश: ३.६ प्रतिशत र ५.३ प्रतिशतले बढि हो।

७. आर्थिक बर्ष २०७९/८० को पहिलो ५ महिनामा ३ लाख ४ हजार ७ सय ७९ जना स्थायी लेखा नम्बर लिने करदाता थपिएका छन् गत आर्थिक बर्षको सोहि अबधिमा ५३ हजार ५ सय ४२ जना थपिएका थिए। यसैगरि चालु आर्थिक बर्षको पहिलो ५ महिनामा १० हजार ५ सय ५ जना करदाता मूल्य अभिवृद्धि करमा दर्ता भएका छन् गत आर्थिक बर्षको सोहि अबधिमा १ हजार ७ सय ३५ जना थपिएका थिए।

**तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७९ असारसम्म | आ.व. २०७८ /७९ को पहिलो ५ महिनामा थप भएका करदाता | आ.व. २०७९/८० को पहिलो ५ महिनाम थप भएका करदाता | २०७९ मंसिर सम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १७६२४१३ | ९७९७ | ६४७२६ | १८२७१३९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | १८०९४ | ७३६ | ४७०८ | २२८०२ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३०५०३०४ | ४३००९ | २३५३४५ | ३२८५६४९ |
| **जम्मा स्थायी लेखा नम्बर #** | **४८३०८११** | **५३५४२** | **३०४७७९** | **५१३५५९०** |
| मू.अ.कर | २९१६३१ | १७३५ | १०५०५ | ३०२१३६ |
| अन्तः शुल्क | ११२२३१ | ५७७ | ५९८५ | ११८२१६ |

स्रोतः आन्तरिक राजस्व विभाग।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण भुक्तानी

८. आर्थिक वर्ष २०७९/८० को मंसिरसम्म रु.१ खर्ब ९ अर्ब ४ करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिवद्धता रु. ६४ अर्ब १५ करोड रहेको थियो। यस अवधिको कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये अनुदान १९.७६ प्रतिशत र ऋण ८०.२४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १०.७ प्रतिशत र ८९.३ प्रतिशत रहेको थियो।

९. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये विश्व बैंक समूहबाट सबैभन्दा बढी ६०.१ प्रतिशत प्रतिवद्धता रहेको छ। जापान, एसियालि विकास बैंक, युरोपियन युनियन, बेलायत सरकारबाट र अन्य विकास साझेदारहरुबाट क्रमशः १५.२ प्रतिशत, ९.४ प्रतिशत, ३.१ प्रतिशत, ४.८ प्रतिशत र ७.४ प्रतिशत वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। यस अवधिको कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सडक क्षेत्रमा सबैभन्दा बढी ३२.१ प्रतिशत प्रतिबद्धता प्राप्त भएको छ।


**चार्ट (ग): चालु आर्थिक वर्षको मंसिरसम्मको वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना**




स्रोतः अर्थ मन्त्रालय।

१०. चालु आर्थिक वर्षको मंसिरसम्म संघीय सरकारले आन्तरिक र बाह्य ऋण गरी कुल रु. ५३ अर्ब २४ करोड सावाँ भुक्तानी र रु.३२ अर्ब १५ करोड ब्याज भुक्तानी गरेको छ। यस अवधिमा संघीय सरकारले रु. २९ अर्ब ५७ करोड बाह्य ऋण र रु. १७ अर्ब ५० करोड बराबरको आन्तरिक ऋण गरि कुल रु. ४७ अर्ब ७ करोड बराबरको ऋण प्राप्त गरेको छ। २०७९ मंसिर मसान्तसम्म आन्तरिक ऋण रु ९ खर्ब ६६ अर्ब ४८ करोड र वाह्य ऋण रु. १० खर्ब ४० अर्ब ६५ करोड गरि कुल तिर्न बाँकी सार्वजनिक ऋण रु. २० खर्ब ७ अर्ब १३ करोड पुगेको छ। २०७९ को असार मसान्तमा तिर्न बाँकी कुल सार्वजनिक ऋण रु. २० खर्ब १३ अर्ब ३० करोड रहेको थियो।

**चार्ट (घ): पछिल्लो ५ महिनाको मसान्तसम्मको तिर्न बाँकी सार्वजनिक ऋणको स्थिति (रु. करोडमा)**




स्रोत: सार्वजनिक ऋण व्यवस्थापनको कार्यालय

## वित्तीय क्षेत्र

११. आर्थिक वर्ष २०७९/८० को मंसिरसम्ममा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप २.२ प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १.६ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोहि अवधिमा यस्तो निक्षेप १.७ प्रतिशतले र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १०.४ प्रतिशतले वृद्धि भएको थियो।

१२. २०७९ मंसिरसम्म ७५३ स्थानीय तहमध्ये ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ भने बझाङको साईपाल गाउँपालिकामा वाणिज्य बैंकको शाखा पुग्न बाँकी रहेको छ। २०७८ मंसिरसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२९ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७९ मंसिरमसान्तमा यस्तो संख्या १२५ कायम भएको छ। २०७८ मंसिर मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार १ सय ८३ रहेकोमा २०७९ मंसिर मसान्तसम्म यस्तो शाखा सङ्ख्या बढेर ११ हजार ६ सय ५० पुगेको छ।

## बीमा क्षेत्र

१३. चालु आर्थिक वर्षको मंसिर महिनासम्म जारी भएको कुल जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४५.४० प्रतिशतले वृद्धि भई १ करोड ३९ लाख ८६ हजार ५ सय ५ पुगेको छ। कुल निर्जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.१ प्रतिशतले कमि भई ११ लाख ४७ हजार २ सय ६४ पुगेको छ। कुल बीमालेखमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९२.४ प्रतिशत र ७.६ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ८८.५ प्रतिशत र ११.५ प्रतिशत रहेको थियो।


१४. चालु आर्थिक वर्षको मंसिरसम्म बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले वृद्धि भई रू. ७५ अर्ब ४९ करोड रहेको छ। गत आर्थिक वर्षमा यस्तो संकलन रू. ७३ अर्ब ५६ करोड रहेको थियो। यस अवधिको सङ्कलित कुल बीमा प्रिमियमध्ये जीवन बीमा र निर्जिवन बीमातर्फको हिस्सा क्रमशः ७८.८३ प्रतिशत र २१.१७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ७९.० प्रतिशत र २१.० प्रतिशत रहेको थियो।

१५. चालु आर्थिक वर्षको मंसिर महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.८९ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ३०.७२ प्रतिशत रहेको थियो।

## पूँजी बजार

१६. २०७८ मंसिर मसान्तमा २४१४.६ रहेको नेप्से सूचकांक २०७९ मंसिर मसान्तमा १८८२.६ कायम भएको छ। यस अवधिमा वार्षिक बिन्दुगत आधारमा बजार पूँजीकरण १९.८ प्रतिशतले न्यून भई रु. २७ खर्ब २१ अर्ब ११ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.३३ खर्ब ९४ अर्ब ७० करोड रहेको थियो।


**चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको  मंसिरमसान्तको नेप्से सूचकाङ्क**




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

१७. २०७९ मंसिर १ गते १९३६.८४ बिन्दुमा रहेको नेप्से सूचकाङ्क  मंसिर ११ गते महिनाकै उच्च बिन्दुमा पुगेको थियो। नेप्से सूचकाङ्क विभिन्न उतार चढाव सहित महिनाको अन्तिम कारोवार भएको दिन मंसिर २९ गते १८८२.६१ विन्दु कायम भएको छ।

**चार्ट (च): २०७९ मंसिर महिनाको  नेप्से सूचकाङ्क**




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

१८. २०७९ मंसिर मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.३८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ७.११ प्रतिशत रहेको थियो। रुस युक्रेन युद्धका कारण विश्वव्यापी रुपमा इन्धनको मूल्य वृद्धि र आपूर्तिमा भएको अबरोधका कारण उपभोक्ता मूद्रास्फिति बढ्न गएको थियो।तथापी मंसिरमा मुद्रास्फितिमा केही सुधार भएको छ।

१९. २०७९ मंसिरमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.८५ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.५९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.६७ प्रतिशत र ८.२५ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२०. आर्थिक वर्ष २०७९/८० को पहिलो पाँच महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३४.६ प्रतिशतले कमि भई रु. ६७ अर्ब ३० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १० खर्ब २ अर्ब ९२ करोड रहेको थियो। यस अवधिमा फलामे पाता , अलैचि, प्लाइउड, उनी गलैंचा कार्पेट, चिया, तयारी कपडा, लगायतका वस्तुको निर्यात वृद्धि भएको छ भने भटमासको प्रशोधित तेल, सुर्यमुखिको प्रशोधित तेल, प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

तालिका (च): पछिल्लो दुई आर्थिक वर्षको मंसिरसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोडमा)

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित पाम तेल | २७४२.७३ | १०८७.३३ | -६०.४ |
| भटमासको तेल प्रशोधित | ३०५५.८ | ६९८.८१ | -७७.१ |
| उनी गलैंचा कार्पेट | ३७५.७९ | ४७८.३१ | २७.३ |
| सेन्थेटिक यार्न | ४८१.२६ | ४७६.५५ | -१.० |
| तयारी कपडा | ३२२.४८ | ३६७.३३ | १३.९ |
| अलैची | २०१.१५ | २७२.८३ | ३५.६ |
| जमोठ कपडा | २३०.८५ | २३१.९४ | ०.५ |
| फलफुलको जुस | २२५.०३ | २२६.७४ | ०.८ |
| चिया | १५४.३ | २२३.२२ | ४४.७ |
| फलामे पाता | २०.२८ | २१५.४१ | ९६२.२ |
| अन्य | २४८२.२६ | २४५१.९३ | -१.२ |
| जम्मा | १०२९१.९ | ६७३०.४ | -३४.६ |

स्रोत: भन्सार विभाग।

२१. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७०.४ प्रतिशत, ०.४ प्रतिशत र २९.२ प्रतिशत रहेको छ। गत वर्ष यस्तो अंश क्रमशः ८१.८ प्रतिशत, ०.४ प्रतिशत र १७.८ प्रतिशत रहेको थियो। यस अवधिमा भारतको निर्यातमा ४३.७ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ३५.९ प्रतिशतले कमी आएको छ।

### वस्तु आयात

२२. चालु आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.७ प्रतिशतले कमी आई रु. ६ खर्ब ६४ अर्ब ७५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. ८ खर्ब ३८ अर्ब ४१ करोड रहेको थियो।

तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको पर्यटकको मंसिरसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोडमा)

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ४९०२.८७ | ५५४८.६ | १३.२ |
| पेट्रोल | २४१०.०७ | २८५९.६१ | १८.७ |
| सुन | १९६६.१४ | २६४४.४५ | ३४.५ |
| एल पि ग्यास | २३११.७ | २३७५.८९ | २.८ |
| भटमासको तेल कच्चा | ३३६६.५५ | २०६८.०२ | -३८.६ |
| शुद्ध फलाम | ७१९.७७ | १५१७.१३ | ११०.८ |
| कच्चा पाम तेल | २४६१.७६ | १४३३.७ | -४१.८ |
| मोवाइल टेलिफोन | २२९७.२५ | १२३७.०१ | -४६.२ |
| तयारी कपडा | १७४६.४९ | ११८९.५४ | -३१.९ |
| एम.एस.स्टील सिट | ०.९१ | ११५८.२९ | - |
| अन्य | ६१६५७.३८ | ४४४४२.५४ | -२७.९ |
| जम्मा | ८३८४०.८९ | ६६४७४.७८ | -२०.७ |

स्रोत: भन्सार विभाग।


२३. चालु आर्थिक वर्षको पहिलो पाँच महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एम.एस.स्टील सीट, शुद्ध फलाम, सुन, पेट्रोल, डिजेल लगायतका वस्तुको आयात उच्च दरले बढेको छ भने मोबाइल टेलिफोन, भटमासको कच्चा तेल, कच्चा पाम तेल, चाँदी. जीप कार र भ्यानहरु, डोजर, ग्रेडर, लेभलर, स्क्याभेटर लगायतका वस्तुको आयात घटेको छ।

२४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.२ प्रतिशत, १४.२ प्रतिशत र २५.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ५९.६ प्रतिशत, १४.६ प्रतिशत र २५.८ प्रतिशत रहेको थियो। यस अवधिमा भारत र चीन तर्फको आयातमा क्रमशः २०.० प्रतिशत र २२.६ प्रतिशतले कमि आएको छ।

## व्यापार सन्तुलन

२५. आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.८ प्रतिशतले घटेर भई रु. ५ खर्ब ९४ अर्ब ४४ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा रु. ७ खर्ब ३५ अर्ब ४९ करोड रहेको थियो।


**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)**




स्रोतः भन्सार विभाग।

२६. पछिल्लो ५ आर्थिक वर्षको मंसिर महिनासम्मको वैदेशिक व्यापारको तथ्याङ्कको आधारमा आर्थिक वर्ष २०७६/७७, २०७७/७८ र चालु आर्थिक वर्षमा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ।

**चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको पहिलो पाँच महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग।

२७. नेपालको कुल व्यापारमा निर्यातको हिस्सा अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन। विगत पाँच आर्थिक वर्षको पहिलो पाँच महिनाको तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षमा बाहेक अन्य आर्थिक वर्षमा निर्यातको हिस्सा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। चालु आर्थिक वर्षको यस अवधिमा कुल व्यापारमा वस्तु निकासीको हिस्सा ९.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा १०.९ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

२८. आर्थिक वर्ष २०७९/८० को पहिलो पाँच महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. ४३ अर्ब ४७ करोडको तुलनामा ६२.६ प्रतिशतले वृद्धि भई रु. ७० अर्ब ६७ करोड पुगेको छ। यस अवधिमा कुल सेवा खर्च गत वर्षको सोही अवधिको सेवा खर्च रू. ८१ अर्ब ६० करोडको तुलनामा १९.३ प्रतिशतले वृद्धि भई रू. ९७ अर्ब ३६ करोड पुगेको छ।

२९. आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म खुद सेवा आय रू. २६ अर्ब ६८ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ३८ अर्ब १३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

३०. आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू.३ खर्ब ९० अर्ब ५१ करोडको तुलनामा २३.० प्रतिशतले वृद्धि भई रू.४ खर्ब ८० अर्ब ५० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ६.३ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.१ प्रतिशतले वृद्धि भई ३ अर्ब ७१ करोड पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३१. आर्थिक वर्ष २०७९/८० को मंसिर महिनासम्म शोधनान्तर स्थिति रु. ४५ अर्ब ८७ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब ९५ अर्ब १ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा शोधनान्तर स्थिति गत आर्थिक वर्षमा १ अर्ब ६१ करोडमा घाटामा रहेकोमा चालु आर्थिक बर्षको मंसिरसम्म ३४ करोड ६८ लाखले बचतमा रहेको छ।

३२. आर्थिक वर्ष २०७८/७९ को मंसिर महिनासम्म रू.२ खर्ब ९८ अर्ब ५१ करोडले घाटामा रहेको चालु खाता चालु आर्थिक वर्षमा सुधार भई रु. ३७ अर्ब ९१ करोडले घाटामा रहेको छ। अमेरिकी डलरमा चालु खाता गत आर्थिक वर्षमा २ अर्ब ५१ करोडले घाटामा रहेकोमा चालु आर्थिक बर्षको मंसिरसम्म २९ करोड ७२ लाखले घाटामा रहेको छ। विप्रेषण आयमा भएको वृद्धि र वस्तु पैठारीमा आएको कमीको कारण तुलनात्मकरुपमा चालु खाता घाटामा सुधार भएको हो ।

## विदेशी विनिमय सञ्चिति

३३. २०७९ मंसिर मसान्तमा विदेशी विनिमय सञ्चिति २०७८ मंसिर मसान्तको रू.१२ खर्ब १४ अर्ब ३ करोडको तुलनामा केहि सुधार भई रू. १२ खर्ब ९२ अर्ब ५६ करोड कायम भएको छ। २०७९ असार मसान्तको तुलनामा २०७९ मंसिर मसान्तमा विदेशी विनिमय सञ्चिति ६.३ प्रतिशतले बढेको छ। वस्तु पैठारीमा गरिएको नियमन तथा केही वस्तुको पैठारीमा नगद मार्जिन व्यवस्था गर्ने सरकारी नीतिको कारण वस्तु पैठारीमा कमि आएको तथा विप्रेषण आय बढेको हुँदा विदेशी विनिमय सञ्चितिमा सकरात्मक प्रभाव परेको देखिन्छ। फलस्वरुप, आर्थिक वर्ष २०७९/८० को मंसिरसम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १० महिना बराबरको वस्तु आयात र ८.७ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ। २०७९ असारमसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ७.८ महिना बराबरको वस्तु आयात र ६.९ महिना बराबरको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको थियो।

## विनिमय दर


३४. २०७९ असार मसान्तको तुलनामा २०७९ मंसिर मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ३.१४ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३१.६४ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु. १२७.५१ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

३५. आर्थिक वर्ष २०७८/७९ को मंसिर महिनासम्म थप दर्ता भएका कम्पनीको संख्या १५ हजार १ सय ६२ रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ३३.३ प्रतिशतले कमी आई १० हजार १ सय ७७ रहेको छ। अघिल्लो आर्थिक वर्षमा कोभिड- १९ को प्रभाव कम भएसँगै कम्पनी दर्ता संख्यामा उल्लेख्य वृद्धि भएको थियो।

चार्ट (झ): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो पाँच महिनाको थप कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

## पर्यटक आगमन

३६. सन् २०२२ मा नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२१ को तुलनामा ३०९.९ प्रतिशत वृद्धि भई ६ लाख १४ हजार १ सय ४८ पुगेको छ। सन् २०२१ मा पर्यटकको सङ्ख्या ३४.९ प्रतिशतले घटेर १ लाख ४९ हजार ८ सय ३३ मा झरेको थियो। सन् २०२२ को डिसेम्वरमा मात्र ६७ हजार ९ सय ३२ पर्यटक नेपाल भित्रिएका छन्। मासिकरुपमा हेर्दा सन् २०२० को फेब्रुअरी पछी सबैभन्दा बढी पर्यटक २०२२ को अक्टोबर महिनामा भित्रिएका छन्।

३७. पर्यटक आगमनमा भएको सुधारसँगै चालु आर्थिक वर्षको पहिलो पाँच महिनाको अवधिमा भ्रमण आय (पर्यटन क्षेत्रबाट प्राप्त आय) मा उल्लेख्य वृद्धि भई रू.२३ अर्ब ६३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. १० अर्ब १४ करोड रहेको थियो।